# विपद् प्रभावित व्यक्ति / परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड २०७९

## प्रस्तावना

**बुढीगंगा नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा १८ मा भएको व्यवस्था र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक निजि तथा व्यक्तिगत सम्पति प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपूर्ति स्वरुप दिईने राहत प्रकृयालाई व्यवस्थित बनाउन बाञ्छनीय भएकाले** स्थानीय तहको प्रशासनीक कार्यविधि ऐन २०७४ को दफा १ ले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

परिच्छेद १

संक्षिप्त नाम र प्रारम्भ

१ संक्षिप्त नाम र प्रारम्भ

(क) यस मापदण्डको नाम विपद् प्रभावित व्यक्ति/परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्वन्धी मापदण्ड २०७९ भन्ने सम्झनु पर्छ ।

(ख) यो मापदण्ड कार्यापालकाबाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

२ परिभाषा

क मापदण्ड भन्नाले विपद् प्रभावित व्यक्ति/परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड २०७९ भन्ने सम्झनु पर्छ स

ख ऐन भन्नाले बुढीगंगा नगरपालिकाको  विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ सम्झनु पर्छ ।

ग विपद् व्यवस्थापन समिति भन्नाले ऐन बमोजिमको समिति सम्झनु पर्छ ।

घ कार्यपालिका भन्नाले बुढीगंगा नगरकार्यपालिकाको कार्यलय सम्झनु पर्छ

ङ विपद भन्नाले कुनै स्थानमा आपतकालिन अवस्था सिर्जना भई जन वा धनको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्नर् प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्छ ।

च. अध्ययन तथा सिफारिस समिति भन्नाले दफा ८.१ को (ख)  बमोजिमको समितिकोलाई बुझ्नु पर्छ ।

३ बजेट विनियोजन

नगरपालिकामा विपद व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

परिच्छेद २

राहत व्यवस्थापनको अवधारणा लक्ष्य उद्देश्य र नीति

४ राहत वितरण तथा आर्थिक सहयोगको अवधारणा

बुढीगंगा नगरपालिकामा हुँने सबै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद तथा प्रकोपबाट  प्रभावित व्यक्ति परिवार संघसंस्थाको संख्यामा कमि ल्याउन तथा आम जनमानसमा प्राकृतिक प्राकृतिक विपद् बारे सचेतना अभिवृद्धि गर्दै विपदबाट हताहत हुनेको संख्या न्यूनिकरण गर्न पीडित परिवारको पहिचान गरी राहत सहयोग पर्याउनु नै कोषको अवधारणा हुनेछ ।

५ लक्ष्य

प्राकृतिक तथा मानव सृजित प्रकोपमा परेका परिवार संघसंस्थाहरुलाई राहत तथा पुन स्थापनामा सहयोग पुर्याउने विपद् जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकीकरण गर्दै विपद् व्यवस्थापनको क्षमतामा अभिबृद्धि गरी मानवीय तथा भौतिक क्षतिमा कमि ल्याउनु

## ६. उद्देश्य

राहत वितरण तथा व्यवस्थापनको उद्देश्य देहायबमोजिम हुनेछ ।

६.१ विपद पीडितको उद्धार पुन स्थापनाका लागि स्थानिय तह जिल्ला प्रदेश तथा संघ स्थित सबै कार्यालय संघसंस्थाबीच समन्वय गर्नुका साथै जनासहभागिता जुटाउन पहल गर्ने

६.२ विपद् पीडितको आधारभूत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मूल्याङकनका आधारमा तत्काल राहत उपलब्ध गराई सहयोग गर्ने

६.३ विपद् बाट हुन सक्ने मानविय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि नगरपालिकाको क्षमता विकास गर्ने

६.४ विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबै निकायहरुका बीच समन्वय गर्ने

६.५ विपद बाट पीडित व्यक्तिहरुलाई तत्काल उद्दार तथा राहत सहयोगका लागि तत्काल राहत कोषको व्यवस्था गर्ने

## परिच्छेद ३
## राहत व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

### ८ राहत व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

८.१ (क) राहतको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि देहायबमोजिमको व्यवस्थापन समिति गठन हुनेछ

क. नगर प्रमुख – संयोजक

ख. उप प्रमुख – सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको प्रतिनिधि – सदस्य

घ. वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक – सदस्य

ङ. रेडक्रस प्रतिनिधि एक जना – सदस्य

च. पत्रकार एक जना – सदस्य

छ. सबै वडाअध्यक्षहरु- सदस्य

ज. विपद् व्यवस्थापन शाखा प्रमुख – सदस्य सचिव

८.१ (ख) प्रभावितहरुबाट प्राप्त फाईलहरु अध्ययनका लागि देहाय बमोजिमको अध्ययन तथा सिफारिस समिति गठन हुनेछ

(क) संयोजक- स्वास्थ्य शाखा प्रमुख

(ख) सदस्य- पशुशाखा प्रमुख वा निजले तोकेको व्यक्ति

(ग) सदस्य- कृर्षि शाखा प्रमुख वा निजले तोकेको व्यक्ति

(घ) सदस्य- प्राविधिक शाखा प्रमुख वा निजले तोकेको व्यक्ति

(ङ) सदस्य सचिव- विपद् व्यवस्थापन शाखा प्रमुख

८.२ व्यवस्थापन समितिको वैठक सामान्य तथा वर्षमा ३ पटक सम्म बस्ने छ ।

८.३ बैठकको आव्हान समितिको संयोजकले गर्नेछ भने सदस्य सचिवले बैठक बोलाउने छ ।

८.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ

८.५ व्यवस्थापन समितिको सम्पुर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या भएको मानिनेछ ।

८.६ बैठकको निर्णय संयोजकद्धारा प्रमाणित गर्नुपर्नेछ ।

## ९ समितिको काम कर्तव्य र अधिकार

९.१ समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. विपद् बाट पीडित व्यक्ति परिवार र संघसंस्थालाई तत्काल राहत उपलब्ध गराउने

ख.विपद् बाट पिडितका लागि पुन स्थापनाको व्यवस्थापन गर्ने

ग. राहत वितरण गर्ने तथा वितरणमा संलग्न रहेका निकायहरुको अनुगमन सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने

## १० संयोजकको काम कर्तव्य र अधिकार

संयोजकको काम कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ

क. बैठकको अध्यक्षता गर्ने

ख. बैठक बोलाउन सचिवलाई निर्देशन दिने

ग. बैठकमा प्रतिवेदन पेश गर्ने प्रश्ताव पेश गर्न लगाउने

घ. समितिका सदस्यलाई कामको बाडफाड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने

ङ. राहत वितरणका कार्यमा पारदर्शिता कायम गराउने

च. राहत व्यवस्थापनको बैठक सहभागितात्मक रुपमा गराउने

छ. राहत वितरणका लागि अन्य निकाय संध संस्था संग समन्वय गर्नुपर्ने भए गर्ने गराउने

ज. राहत वितरणका लागि विपद् व्यवस्थापन कोषबाट बजेट स्वीकृत गर्ने गराउने

झ. राहत वितरण कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने

## ११ सदस्य सचिवको काम कर्तव्य र अधिकार

राहत व्यवस्थापन सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क. संयोजकको आदेशानुसार बैठक बोलाउने, संयोजकसंग सल्लाहमा छलफलका बिषयवस्तुरु तयार गरि निर्णयार्थ बैठकमा पेश गर्ने

ख. बैठकको निर्यण लेख्ने कोषका सबै कागजातहरु जिम्मा लिने

ग. सम्बन्धीत सूचनाहरु तथ्याङ्क तथा अभिलेख अध्यावधिक गर्ने

घ. संयोजकले  तोकेका अन्य कार्यहरु गर्ने

ङ. कार्यक्रमहरुको अनुगमन गर्ने गराउने

च. राहत सामाग्री तथा चलअचल सम्पत्तीको संरक्षण गर्ने गराउने

## १२ सदस्यको काम कर्तव्य तथा अधिकार

सदस्यको काम कर्तव्य र अधिकार  देहायबमोजिम हुनेछ

क. बैठक उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने

ख. संयोजकको काममा सहयोग गर्ने

ग. तोकिएको जिम्मेवारीलाई पुरा गर्ने

घ. बैठकमा निर्णयमा पुग्न मतदान गर्नु पर्ने भए मतदान गर्ने

ङ. संयोजकले तोकेका अन्य दायित्व निर्वाह गर्ने

च. राहत वितरण कार्यान्वयन गर्न सहयोग गर्ने

## परिच्छेद-४

## १३आर्थिक तथा प्रशासनिक व्यवस्था

राहत वितरणका लागि आवश्यक पर्ने आर्थिक स्रोत नगरपालिकामा रहेका विपद् व्यवस्थापन कोषबाट व्यवस्था गरिनेछ । यो कोषबाट बजेट अपुग भएमा कार्यापालिकाको बैठकबाट आवश्यक निर्णय गरी अन्य श्रोत जुटाउन सक्नेछ ।

## १४ प्रशासनिक व्यवस्था

राहत व्यवस्थापनको लागि प्रशासनिक तथा आर्थिक कारोवार नगरकार्यपालिकाको कर्मचारीहरु बाटै संचालन गरिनेछ ।

## १५ बैठक भत्ता

राहत व्यवस्थापन समितिको बैठकमा भागलिने पदाधिकारी तथा सदस्यहरु एवं अन्य आमन्त्रिलाई नगरकार्यापालिकाको निर्णयानुसार भत्ता उपलब्ध गराईनेछ ।

## १६  राहत तथा उद्धार कार्य संचालन सम्बन्धी व्यवस्था

नगरपालिकाका कुनै पनि वडामा विपद आईपरेको अवस्थामा देहाय बमोजिमको व्यवस्थापन गरिनेछ

क विपद प्रभावित स्थलको पहिचान गरि तत्काल उद्धारको व्यवस्था गरिनेछ ।

ख उद्धार पछि विपद् प्रभावित व्यक्ति परिवार तथा संघसस्थाहरुको वर्गिकरण वडा कार्यालय मार्फत लगत राख्ने व्यवस्था मिलाइनेछ ।

ग वडा समितिको बैठकद्धारा विपद प्रभावित वा पीडितहरुको सर्जिमिन मुचुल्का गराई राहत अनुदानका लागि विपद् व्यवस्थापन समितिमा सिफारिस गरिनेछ ।

घ वातावरण तथा विपद् व्यवस्थापन समितिबाट विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति समक्ष वितरणका लागि सिफारिस गरिनेछ ।

ङ यस खण्डमा जेसुकै लेखिएको भएता पनि यस सम्बन्धमा नगर कार्यापालिकाको निर्णय अन्तिम मानिनेछ ।

१७ विपद् प्रभावित वर्गिकरण

नगरपालिकामा आईपर्ने विपद बाट प्रभावितहरुको वर्गिकरण देहाय बमोजिम हुनेछ

क. प्रभावित

प्राकृतिक तथा मानव सृर्जित विपद् जस्तै भकुम्प बाढी पहिरो आगलागी महामारी अनिकाल पशु तथा चराचुरुङ्गीमा हुने फ्लु सर्पदशं जनावर आतङ्क आदि बाट सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघसंस्थाहरु यस वर्गमा पर्दछन ।

ख. आंशिक प्रभावित

प्राकृतिक वा मानव सृर्जित विपद् बाट प्रभावित भएकाहरु जस्तै घरमा सामान्य क्षति भएका तर बस्न लायक नभएका, अनावृष्टि अल्पवृष्टि लगायतबाट क्षेति पुर्याएका आगलागी भई घर तथा मानब जन चौपाया पशुपन्क्षीमा सामान्य भौतिक क्षति भएकाहरु यस वर्गमा पर्दछन ।

ग. अति प्रभावित

प्राकृतिक तथा मानव सृर्जित विपद् बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका बसोबास गर्न घर एंव अन्य भौतिक पूर्वाधार नष्ट भएका अङग भङग भई जिविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेकाहरु यस वर्गमा पर्दछन ।

१८ राहत वितरण व्यवस्थापन क्षेत्र

**क. विपद् प्रभावित क्षेत्र रहेको सम्बन्धीत वडाको सीफारिसमा विपद् प्रभावितहरुलाई बुदाँ नं १७ क वर्गिकरणमा परेकाहरुलाई क्षेतिको प्रकृति हेरी अधिकतम  पाँच हजार उपलब्ध गराउने**

ख. प्रभावित क्षेत्र रहेको सम्बन्धीत वडाको सिफारिसमा विपद् प्रभावितहरुलाई बुँदा नं १७ ख वर्गिकरणमा परेकाहरुलाई **क्षेतिको प्रकृति हेरी** प्रति परिवार पाच हजार देखि सात हजार सम्म उपलब्ध गराउने

ग. प्रभावित क्षेत्र रहेको सम्बन्धीत वडाको सिफारिसमा विपद् प्रभावितहरुलाई बुँदा नं १७ ग वर्गिकरणमा परेकाहरुलाई **क्षेतिको प्रकृति हेरी** देहाय बमोजिम राहत उपलब्ध गराईनेछ

अ. परिवारका एक जनासदस्यको मूत्यु भएमा रु १५०००/- र थप प्रतिव्यक्ति १०००० /-

आ. घरवार विहिन भएका परिवारलाई प्रति परिवार रु १५०००/-

इ. अंग भंग भई  उपचारत अवस्थामा रहेका प्रति व्यक्ति रु ५०००

ऊ. प्राकृतिक प्रकोप तथा मानवीय कारणबाट पशु चौपाया तथा गोठको क्षति भएमा देहाय बमोजिम सहयोग गरिनेछ ।

| क्र स | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षेतिको विवरण ) | सहयोग गर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | पशु गोठ नष्ठ भएमा प्रति गोठ | ५००० देखि १०००० | प्रकृति हेरी |
| २ | कुखुराको खोर नष्ठ भएमा प्रति खोर | २०००-६००० | प्रकृति हेरी |
| ३ | गाई गोरु तथा राँगा भैसि प्रति गोटा | ३००० | प्रकृति हेरी |
| ४ | बोका बाख्रा प्रति गोटा | २००० | प्रकृति हेरी |
| ५ | हाँस कुखुरा प्रति गोटा | १५० | प्रकृति हेरी |
| ७ | माछा पोखरी प्रति पोखरी | ५००० | प्रकृति हेरी |

१९ सहयोग तथा पेश गर्नु पर्ने कागजातहरु

नगर कार्यपालिकाको कार्यालयमा दफा १८ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

क निवेदन
ख सम्बन्धीत वडा कार्यालयको सिफारिस
ग सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का प्रतिवेदन
घ क्षतिको फोटो
ङ आवश्यक भएका क्षतिको प्राविधिक मूल्याङ्कन
च अन्य आवश्यक प्रमाणहरु

२० कार्यविधिको संसोधन

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा विधान समितिको सिफारिसमा कार्यापालिकाले गर्नेछ ।

२१ बचाउ तथा खारेजि

क. यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानिय सरकार संचालन ऐन २०७४ स्थानिय तहको आर्थिक प्रशासन सम्बन्धीत प्रचलित कानुन संग बाजिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिने छ ।

ख. कुनै कारणबाट कोष संचालन हुन नसकेमा नगर कार्यपालिकाले कोषको खारेज गर्न सक्नेछ ।

ग. कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व नगर कार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत